# चम्पादेवी गाउँपालिका, ओखलढुंगा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ७,** **संख्या ४** **मितिः २०८१/०३/१०**

## भाग २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम चम्पादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०३/०९** **प्रमाणिकरण मिति : २०८१/०३/१०**

## "चम्पादेवी गाउँपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१"

**प्रस्तावनाः** बालबालिका सम्बन्धि ऐन,२०७५ को दफा ६० को उपदफा (३) र कोशी प्रदेशको बालबालिका सम्बन्धि ऐन बमोजिम बाल अधिकारको संरक्षण र संर्वद्धनका लागि कार्यविधि निर्माण गर्न वाञ्छनीय भएको स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि चम्पादेवी गाँउ कार्यपालिकाले कार्यविधि, २०८१ बनाई लागू गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "चम्पादेवी गाउँपालिका स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यासवधि, २०८१" रहेको छ ।

२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**१.२ परिभाषाः** विषय वा प्रशगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “ऐन” भन्नाले बालबालिका सम्बन्धि ऐन, २०७५ सम्झनु पर्दछ।

(ख) “मन्त्रालय” भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(ग) “प्रदेश मन्त्रालय” भन्नाले कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

(घ) “गाउँपालिका” भन्नाले चम्पादेवी गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) अध्यक्ष, उपाध्यक्ष भन्नाले गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष सम्झनु पर्दछ ।

(च) “बाल कल्याण अधिकारी” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्दछ ।

(छ) “स्थानीय बाल अधिकार समिती” भन्नाले पालिका बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनु पर्दछ ।

**१.३ उद्धेश्य :**

(क) बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने ।

(ख) बालबालिकाको उच्चतम हितलाई ध्यान दिई गाउँपालिकालाई बाल मैत्री पालिका निर्माणमा सहयोग पूयाउने ।

## परिच्छेद २

**२.१ बालबालिकाको विशेष संरक्षण तथा पुनर्स्थापनाः** विशेष संरक्षणका आवश्यक्ता भएका बालबालिका भन्नाले देहाय बमोजिम सम्झनु पर्दछ,

(क) बालबालिका सम्बन्धी ऐन,२०७५ मा परिभाषित भएका अनाथ बालबालिका ।

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका आमा बाबुबाट अलगिएका वा आमाबाबु पत्ता नलागि बेवारिसे भएका बालबालिका ।

(ग) आमा बाबुलाई गम्भिर शारीरिक वा मानसिक रोग लागेका, शारीरिक वा मानसिक अपागंता भएको कारण उचित हेरचाह नपाएका बालबालिका ।

(घ) कानूनी विवाद परेका बालबालिका मध्य दिशान्तर प्रकीया(बालबालिका सम्बन्धि ऐनको दफा २९) बमोजिम बैकिल्पक हेरचाहका लागि सिफारिस भएका बालबालिका ।

(ङ) थुनामा रहेका वा आमा सगँ आश्रित भई कारागारमा रहेका बालबालिका ।

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएका शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनि बालकल्याण समक्ष निवेदन परेका बालबालिका ।

(छ) आमाबाबु वा अभिभावकबाट दुर्व्यवहार हिसां वा वेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका ।

(ज) जवरजस्ती वा बधुँवा प्रकृतीका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरित श्रममा संलग्न भई जिवनयापन गरिरहेका, धुम्रपान मध्यपान एवम अन्य लागू औषधको कूलतमा फसेका एच.आई.भि सङ्क्रमित बालबालिका ।

(झ) गम्भिर शारिरिक, मानसिक स्वास्थ्य समस्या वा गम्भिर अपाङ्गता भएको कारण जीवन जोखिममा रहि आमा बुवा वा परिवार बाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका ।

(ञ) विपद वा सशस्त्र द्धन्द्धका कारण बाबु आमा दुवै वा आमाबाबु मध्य एक गुमाएका वेपत्ता भएका वा आफू शारिरिक वा मानसिक रुपमा घाइते भएका वा अपांगता भएका बालबालिबा

## परिच्छेद ३

**३.१** पालिका बाल अधिकार समितिको गठन :

(१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संवर्द्धन गर्न गाउँपालिकामा देहाय बमोजिमको पालिका बाल अधिकार समिति रहनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय प्रमुख | सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (घ) शिक्षा शाखा प्रमुख | सदस्य |
| (ङ) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (च) प्रशासन शाखा प्रमुख | सदस्य |
| (छ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ज) कार्यापालिका महिला सदस्य एक जना | सदस्य |
| (झ) बाल मनोविज्ञ | सदस्य |
| (ञ) महिला बालबालिका विकास शाखा प्रमुख | सदस्य |
| (ट) पालिका भित्रको एक जना चिकित्सक | सदस्य |
| (ठ) बाल कल्याण अधिकारी | सदस्य सचिव |

**३.२ पालिका बाल अधिकार समितिको काम कर्तव्य र अधिकार :**

(१) दफा ३ बमोजिम गठन हुने पालिका बाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) समितिको दीर्घकालिन नीति योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जूमा गर्ने :

(ख) बालबालिकाको अधिकारको सम्मान संरक्षण प्रर्वधन र परिपूर्तिकोलागि आवश्यक स्थानिय नीति कानून योजना कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न पालिकालाई सुझाव दिने

(ग) पालिकामा सञ्चालित बालबालिका सम्बन्धि कार्यक्रमको अनुगमन मूल्याङ्कान तथा समिक्षा गरि सुझाव दिने,

(घ) बाल अधिकार सम्बन्धि कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार अन्य स्थानिय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धि अन्तराष्ट्रिय क्षेत्रिय सन्धिसँग सम्बन्धित स्थानिय तह स्तरिय आवधिक प्रतिवेदन तयार गर्न सहजिकरण गर्ने,

(च) पालिका भित्र हुने बाल विवाह,बाल श्रम,शारिरिक तथा मानसिक यातना तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसा रोकथाम, निषेध र नियन्त्रण तथा अभिभावक विहिन टुहुरा बालबालिका र सडक बालबालिकाको उद्धार,पुनः स्थापना संरक्षण र व्यावस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन सेवा अभिवृद्धि जस्ता कार्यमा समन्वय सहयोग र सहजिकरण गर्ने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) बालबालिका सम्बन्धि प्रतिवेदन तयार गरि संघिय मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र सम्बन्धित निकायमा पठाउने,

(झ)बालबालिका सम्बन्धि स्थानिय तथ्याङ्क/विवरण संकलन अभिलेखिकरण तथा सूचना प्रपणालीको विकास सञ्चालन व्यावस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) बाल संरक्षण तथा बाल अधिकार प्रर्वधनका लागि संचालन हुने राष्ट्रिय/प्रादेशिक र पालिकाको अभियानमा सहयोग गर्ने,

(ट) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पती तथा व्यक्तिलाईपालिकामा सूचिकृत गरि आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजिकरण गर्ने,

(ठ) विशेष संरक्षणको आवश्यक्ता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन संरक्षक र माथवर नियुक्त गर्न पालिका र अदालतलाई सहयोग गर्ने,

(ड) प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह बाल सुधार गृह अस्थायी संरक्षण सेवा केन्द्र पुनर्स्थापना केन्द्र तथा सामाजिकिकरण केन्द्रहरुलाई सुधारका लागि आवश्यक निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझाव सहित सम्बन्धित निकायमा सिफरिस गर्ने,

(ढ) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था लगाएतका निकायहरुको सूचिकृत गर्ने,सेवा मापन गर्ने र आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारको सवंर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने,

(ण) बालबालिकाको संरक्षणको निमित्त आकास्मिक सहयोग तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक, मानवीय) व्यवस्था मिलाउने,

(त) घटना व्यवस्थापन प्रक्रियालाई अबलम्बन गरी प्रभावकारी कार्यान्वयन गर्ने,

(थ) स्थानीय घटना बाल संरक्षण सम्बन्धित कार्य तथा सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने समाजसेवी तथा बाल मनोविज्ञ व्यवस्था गर्न सक्नेछ,

(द) बाल मनोविज्ञ तथा समाजसेवी छनौट प्रक्रिया योग्यता, काम कर्तव्य र अधिकार तथा सेवाका सर्तहरु लगायत अन्य व्यवस्था ्समितिले निर्धारण गरे बमोजिम हुनेछ,

(ध) पालिका वा पालिकाले प्रयोग गर्ने अन्य बालगृह, बाल सुधार गृह अस्थायी संरक्षण सेवा केन्द्र र पुनर्स्थापना केन्द्र लगायतका आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा देहायको बुदाँहरुमा अनुगमन टोलि/समिति गठन गरि अनुगमन गर्ने/गराउने जुन निम्नानुसार छन :

(१) बालबालिकाको व्यक्तिगत विवरण अधावधिक राखेको छ वा छैन,

(२) बालबालिबालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ कि छैन,

(३) बाल क्लव गठन गरि बालबालिकालाई खेलकुद मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराईएको छ वा छैन,

(४) बालबालिकालाई ऐन प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह,अस्थायि संरक्षण सेवा,पुनर्स्थापना केन्द्र तथा सामाजिकिकरण केन्द्रमा कुनै अवाञ्छित भए गरेको छ वा छैंन,

(६) बाल गृहमा आश्रित बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिक्तानुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारीबाट व्यवस्था मिलाई राखेको छ वा छैन,

(७) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन ।

(२) पालिका बाल अधिकार समितिले उपदफा १ बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३.३ वडा बाल अधिकार समितिको गठन :** पालिकाका प्रत्येक वडा भित्र देहाय बमोजिमका बाल अधिकार समिति रहनेछन्न ।

| | |
|---|---|
| (१) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य | अध्यक्ष |
| (२) वडा महिला सदस्य | सदस्य |
| (३) वडा भित्रको स्वास्थ्य संथा प्रमुख वा प्रतिनिधि | सदस्य |
| (४) वडा भित्रका विधालयका वडा अध्यक्षले तोकेको एक जना प्र.अ | सदस्य |
| (५) बालबालिकाको क्षेत्रमा कियाशिल वडा भित्रका गै.स.स बाट वडा अधयक्षले तोकेको प्रतिनिधि १ जना | सदस्य |
| (६) महिला संस्था, वडा महिला संञ्जाल, वडा आमा समूह मध्ये १ जना | सदस्य |
| (७) वडा स्तरिय बाल क्लवको अध्यक्ष वा प्रतिनिधि १ जना | सदस्य |
| (८) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएको वडा अध्यक्षले तोकेको १ जना | सदस्य |
| (९) वडा सचिव | सदस्य सचिव |

**३.४ वडा बाल अधिकार समितिको काम कर्तव्य र अधिकार :**

(१) बाल अधिकारको क्षेत्रमा स्थानिय आवश्यक्ता पहिचान तर्जुमा गर्ने र कार्यक्रम कार्यन्वयन गर्ने/गराउने ।

(२) वडा भित्र विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको तथ्यांक संकलन गर्ने अद्यावधिक गर्ने र पालिका बाल अधिकार समिति समक्ष पठाउने ।

(३) बाल अधिकारको क्षेत्रमा स्थानिय संघ संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने ।

(४) जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानिय बाल अधिकार समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(५) आवश्यक्ता अनूसार बालबालिकाको निमित्त आकस्मिक सहयोगको व्यवस्था मिलाउने ।

(६) वडा भित्र बालबालिकाका सम्बन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र पालिका बाल अधिकार समिति समक्ष पेश गर्ने ।

(७) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

**३.५ बाल कल्याण अधिकारीको व्यवस्था :** स्थानिय बाल कल्याण अधिकारीको व्यवस्था बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा (६१) मा उल्लेख भए बमोजिम रहने छ ।

**३.६ स्थानीय बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार** : बालबालिका सम्बन्धि ऐनको दफा (६१) बमोजिम बालबालिकाको अधिकार, सम्मान, संरक्षण तथा सम्बोधन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि देहाय बमोजिमको कार्य सम्पन्न गर्नु पर्नेछ ।

(क) कुनै पनि बालबालिका जोखिमपूर्ण अवस्थामा रहेको भेटेमा वा सूचना प्राप्त भएमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखि प्रशासनको सहयोगमा उद्धार तथा पुर्नस्थापनाको कार्य गर्ने । घटना व्यवस्थापन प्रक्रियालाई अवलम्वन गर्दै बालबालिकाको संरक्षकत्व प्रदान गर्ने र सो विवरण स्थानिय बाल कल्याण समिति समक्ष पेश गर्ने ।

(ख) बालबालिकाको अभिलेख व्यवस्थित गर्ने गराउने ।

(ग) बाल कोषको आवश्यकता अनुसार सञ्चालन एवम परिचालन गर्ने ।

(घ) विशेष हेरचाह र संरक्षण आवश्यक भएका बालबालिकाहरुको संरक्षकत्व तोक्ने ।

(ङ) बालबालिकाको विशेष हेरचाह र संरक्षणको क्षेत्रमा काम गर्ने निकाय तथा संघ संस्थाहरुको सेवाहरु मापन गर्ने ।

(च) अध्यक्षको निर्देशनमा बैठक तोक्ने ।

(छ) स्थानीय बाल कल्याण समिति, वडा स्तरिय समिति र सरोकारवाला निकायहरुसगँ समन्वय गर्ने ।

(ज) कुनै बेवारिसे बालबालिका फेला परेमा वा अन्य कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालबालिकाको यथा सम्भव तीन पुस्ते नाम थर ठेगाना शरीरमा रहेको कुनै बिशैष चिन्ह सहितको विवरण र औठाको छाप समेत आफ्नो कार्यालयमा राखि नजिकको अन्य व्यक्ति वा संस्थालाई जिम्मा लगाउने ।

## परिछेद ४

**४.१ संरक्षकको व्यवस्था अस्थायी संरक्षण सेवा विविध :** वैकल्पिक हेरचाह र संरक्षणमा रहेका बालबालिकाको पारिवारिक पुनर्स्थापना गर्दा गराउदा बखत संरक्षकत्व लिने व्यक्ति वा संस्थाको योग्यता देहाय बमोजिम भएको हुनुपर्दछ ।

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार

(ख) बालबालिकालाई हेरचाह गर्न ईच्छुक परिवार/व्यक्ति

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था ।

**४.२ अस्थायि संरक्षण सेवा :** तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन अस्थायि संरक्षण सेवा प्रदान गर्न स्थानिय संघ स्थासँग समन्वय र सहकार्य गरिनेछ ।

**४.३ विविध :** स्थानीय बाल अधिकार समितिलाई अंग्रेजिमा Local Child Right Committee भनिन्छ।

**आज्ञाले,**
**प्रेम प्रसाद सुवेदी**
**नि प्रमुख प्रशासकिय अधिकृत**